राक्सिराङ्ग गाउँपालिका
गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर
बैठक संख्या: ०२-०७९/०८०

मिति: २०७९/०५/२६ गते विहिबार
समय: विहान ०८:०० बजे

निर्णय नं. १:
गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समिक्षा गरि कार्यान्वयन हुन बाँकि निर्णयहरुलाई यथाशिघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २:

- राक्सिरांग गाउँपालिकाको आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न वनेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ बमोजिम चालु आर्थिक वर्षका लागि गाउँपालिकाको समपूरक तर्फको योजना ***कैलाश कोखारी काँकडा भण्डारा सडक निर्माण*** को लागि प्राविधिकद्वारा तयार गरिएको रु २,३९,२५,९००।३९ को लागत अनुमान स्वीकृत गरी ठेक्का प्रकृया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने तथा उक्त लागत अनुमान बमोजिम यस आ.व मा को स्वीकृत बजेट भन्दा बढी व्ययभार हुन जाने रकम समेत गाउँपालिकामा प्राप्त हुन जाने स्रोतबाट व्यहोर्ने ।
- समपूरक तर्फका बाँकी योजनाहरुको समेत यथासीघ्र लागत अनुमान तथा विस्तृत प्रतिवेदन तयार गरी समयमै कार्य सम्पन्न गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ३:
क) राक्सिराङ्ग गाउँपालिकाको स्वीकृत बार्षिक कार्यक्रम तथा बजेट बमोजिम सडक सरसफाईको लागि एस्काभेटर खरिद कार्यको लागि रु ९५,००,०००/- विनियोजन गरिएकोमा प्राविधिकबाट प्राप्त स्पेशिफिकेसन तथा लागत अनुमान बमोजिम अपुग हुन जाने रकम रु १५,००,०००/- गाउँपालिकामा प्राप्त हुन जाने स्रोतबाट व्यहोर्ने गरी विनियोजित बजेटमा थप गर्ने ।
ख) राक्सिराङ्ग गाउँपालिकाको जिर्खे डाँडामा रहेको बस्तीमा पहिरोले जोखिमपूर्ण अवस्था रहेको हुँदा सो बस्ती बचाउनका लागि तटबन्धनको लागि रु १०,००,०००/- रकम गाउँपालिकाको विपद व्यवस्थापन स्रोतबाट व्यहोर्ने गरी विनियोजन गर्ने ।

निर्णय नं. ४:
यस गाउँपालिकाको स्वास्थ्य क्षेत्रको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउनका लागि सेवा राक्सिराङ्ग गाउँपालिकाको मिति २०७८/३/२६ को ७९औं कार्यपालिकाको बैठकबाट भएको निर्णय बमोजिम करार सेवाको पदपूर्तिका लागि गरिएको विज्ञापन गर्ने निर्णय भएकोमा हाललाई सो विज्ञापन स्थगित गरी सावकिमै कार्यरत कर्मचारीहरुलाई सोही बैठकको निर्णयअनुसारको सेवा सुविधा प्राप्त गर्ने गरी ०७९ श्रावण देखी नै लागू हुने गरी ०७९ असोज मसान्त सम्म करार अवधी थप गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।
यसरी करार सेवामा रहेका कर्मचारीको कार्य सम्पादन स्तर मापन गरी सो पश्चात म्याद थप गर्ने/नगर्ने सम्बन्धमा यथार्थ विवरण र रायसहितको प्रतिवेदन पेश गर्नका लागि देहायको समिति गठन गर्ने र सो समितिले १५ दिनभित्र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

देहाय:

| | |
|---|---|
| संयोजक | सामाजिक विकास समिति संयोजक |
| सदस्य | सम्बन्धित वडाका वडाध्यक्ष |
| सदस्य | सामाजिक विकास अधिकृत |
| सदस्य | स्वास्थ्य संयोजक, राक्सिरांग गाउँपालिका |

निर्णय नं. ५:
राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक आयको प्रमुख स्रोतको रुपमा रहेको मनहरी खोलाबाट दीगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा तथा नदीजन्य पदार्थको उत्खनन् तथा संकलन गर्ने कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नुपर्ने भएकोले सो कार्यको लागि गाउँपालिकाको तर्फबाट परामर्शदाता संस्था श्री S Team Consultancy Services, Hetauda बाट पेश हुन आएको प्रारम्भिक वातावरणीय परीक्षण(IEE) को कार्यसूची(ToR) स्वीकृत गरी थप प्रकृया अगाडी बढाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ६:
यस गाउँपालिकाको आ.व २०७८/०७९ को वार्षिक प्रगती माथि समीक्षा तथा छलफल गरीयो ।

निर्णय नं. ७:
आ.व २०७९/०८० को लघु उद्यम विकास कार्यक्रम(मेडपा) को वार्षिक बजेट तथा कार्यक्रमलाई देहाय बमोजिम खर्च गर्ने गरी स्वीकृत गर्ने ।

## अनुसूची १

### आ.ब. २०७९/०८० मा मेडपा बजेट विवरण

### राक्सिराङ गाँउपालिका, बागमती प्रदेश, नेपाल

| क.सं. | कियाकलाप | लक्ष्य | बजेट प्रतिशत रेन्ज (निर्देशिका) | वास्तविक बजेट प्रतिशत | रकम रु. | जिम्मेबार |
|---|---|---|---|---|---|---|
| १ | उद्यम विकासका लागि सामाजिक परिचालन | १२० | ३% | ३ | ७०८००/- | |
| | उद्यमशिलता विकास तालिम | १०० | ७- ९ % | ७ | १६५२००/- | |
| | प्राविधिक सीपमुलक तालिम प्रदान | ६० | ३५-४१% | ३६ | ८४९६००/- | |
| | उपयुक्त प्रविधि पहुँच तथा हस्तान्तरण | २० | १५-१८ % | १५ | ३५४०००/- | |
| | | | ३-४ % | | | |
| | लघु कर्जामा पहुँच | २५ | | ३ | ७०८००/- | |
| | बजारीकरण सेवा | २० | ३-५ % | ३ | ७०८००/- | |
| | उद्यम विकास सहजकर्ता | २ | २४-३३% | ३३ | ७७८८००/- | |
| | कुल बजेट | | | | २३६००००/- | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | भैरहेका उद्यमीहरुको स्तरोन्नती | १ | १०० | १०० | ४०००००/- | |
| ३ | उपयुक्त प्रविधि समुहमा हस्तान्तरण | १ | १०० | १०० | १४००००/- | |
| ४ | साझा सुविधा केन्द्र | - | - | - | | |
| | | | जम्मा रकम | | २९०००००/- | |

नोट : कार्यक्रम संचालन नतिजामुखि भएकोले माथि उल्लेखित प्रक्रियाहरुबाट बर्षको अन्तमा तोकिएको लक्ष्यमा उद्यमी सृजना हुनु पर्नेछ । कार्यक्रमको लागि बजेत तर्जुमा गर्दा यसै अनुसुचिको तालिका नं १ बमोजिम र कार्यान्वय तालिका नं २ बमोजिम गर्नु पर्नेछ ।

**निर्णय नं. ८:**

राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी तथा व्यवस्थित बनाउनका लागि *राक्सिराङ्ग गाउँपालिकाको आन्तरिक नियन्त्रण निर्देशिका, २०७९* लाई स्वीकृत गर्ने ।

**निर्णय नं. ९:**

**विविध**

क) यस गाउँपालिकामा छैठौं तहमा स्थायी नियुक्ति लिई हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८।०८।२० को निर्णय अनुसार श्री भरतपुर महानगरपालिकामा कार्यरत इन्जीनियर छैठौं श्री शर्मिला पौडेल तथा मिति २०७८।१२।१३ को निर्णय अनुसार श्री भिमफेदी गाउँपालिकामा कार्यरत शिक्षा अधिकृत छैठौं श्री प्रदिप पराजुली को बागमती प्रदेश सरकारद्धारा जारी अध्यादेश बमोजिम सातौं तह कायम गर्ने सम्वन्धमा यस कार्यालयको मिति २०७९ श्रावण ८ गतेको निर्णयलाई अनुमोदन गर्दै निजहरुलाई सातौं तह कायम गरी हाल कार्यरत निकायहरुमा सो को जानकारी पठाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

ख) राक्सिराङ्ग गाउँपालिका अन्तर्गत रहेको विभिन्न वडा कार्यालयहरुमा प्रशासन सेवाका वडा सचिवहरुको दरबन्दी रिक्त रहेको र सेवा प्रवाहमा कठिनाई भैरहेको हुँदा अर्को व्यबस्था नभएसम्मको लागि गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत कार्यरत अन्य प्राविधिक तथा अप्राविधिक सेवाका स्थायी कर्मचारीहरुलाई आवश्यकता अनुसार वडा सचिव समेतको जिम्मेवारी दिई खटाउनका लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने ।

**उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावलाई सर्वसम्मत निर्णय गरियो ।**

| | | | |
|---|---|---|---|
| ........ (सुजता दमाई) कार्यपालिका सदस्य | ........ (सजिना मुक्तान नेपाली ) कार्यपालिका सदस्य | ........ (शुशिला सुनार) कार्यपालिका सदस्य | ........ (शान्ता कुमारी अर्याल) कार्यपालिका सदस्य |
| ........ (सिङ्गलाल प्रजा) कार्यपालिका सदस्य | ........ (चन्द्रमान प्रजा) कार्यपालिका सदस्य | ........ (बाबी राम मुक्तान) वडा अध्यक्ष | ........ (बुद्ध राम मुक्तान) वडा अध्यक्ष |

| | | | |
|---|---|---|---|
| (उत्तम वाइबा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार बाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |